ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

आज मिति २०८० साल साउन ३० गते मङ्गलबार बिहान ११:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०२/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

प्रस्ताव तथा निर्णयहरु

१. कार्य योजना निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि गाउँसभाबाट स्वीकृत भएका योजना/आयोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा निम्न बमोजिमको कार्ययोजना निर्माण गरी कडाइका साथ लागू गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | विषय | सम्पन्न गर्ने समय | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०८० भाद्र १५ गतेभित्र | वडा कार्यालय/वडा समिति |
| २. | योजना सम्झौता | २०८० मंसिर १५ गतेभित्र | गाउँपालिका/ वडा कार्यालय/उपभोक्ता समिति |
| ३. | योजना सम्पन्न | २०८० चैत्र १५ गतेभित्र | गाउँपालिका/ वडा कार्यालय/उपभोक्ता समिति |
| ४. | टेन्डर प्रक्रिया | २०८० मंसिर १५ गतेभित्र | गाउँपालिका |

२. करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८० साल असार मसान्तमा करार सेवा सम्झौता समाप्त भएकोले उमेर हद ५८ वर्ष पूरा भइसकेका कर्मचारीबाहेक ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मिति २०८० साल साउन १ गतेदेखि लागू हुने गरी मिति २०८० असोज मसान्तसम्म करार सेवा सम्झौता थप गर्ने साथै गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि मन्त्रालयबाट आ.व. २०८०/०८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास सहजकर्ताको लागि आवश्यक तलब भत्ता प्राप्त नभएको र लागत साझेदारी गर्न गाउँपालिकासँग पर्याप्त स्रोत, साधन समेत नभएकोले लघु उद्यम विकास सहजकर्ताको रुपमा कार्यरत २ जना सहजकर्तामध्ये सपना राईको मात्र करार सेवा अवधि मिति २०८० साल साउन १ गतेदेखि लागू हुने गरी मिति २०८० असोज मसान्तसम्म गा.पा.को कर्मचारी तलबभत्ता शीर्षकबाट तलब भत्ता भुक्तानी दिने गरी करार सेवा थप गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन-२०७८/०९/३०) को दफा ४८ (३), रोजगार सहायक र प्राविधिक सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १२ बमोजिम मिति २०८० साउन १ गतेदेखि लागू हुने गरी मिति २०८१ असार मसान्तसम्म करार सेवा थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी कार्यविधि स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी बनेको कार्यविधि, २०८० दफावार रुपमा छलफल गरी सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

**४. साना सिंचाइ कार्यक्रम अन्तर्गतको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-५ मा साना सिंचाइ कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको योजना/आयोजना संचालनको लागि छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. मेखुखोला मुहान भई सिमखेत सिंचाइ कुलो मर्मत

**५. पुरानो संरचना भत्काउने तथा जस्तापाता लिलाम बिक्री सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-२ मा रहेका तपसिल बमोजिमका पुरानो संरचना भत्काउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. २ नं. वडा कार्यालयको पुरानो भवन- जिर्ण अवस्थामा रहेको भत्काइ जस्तापाता नियमानुसार लिलाम बिक्री गर्ने ।

२. बौद्ध आ.वि. झाँक्रीबासको पुरानो विद्यालय भवन र शौचालय- भवन अन्यन्त्र सारी नयाँ भवन निर्माण गर्ने र पुरानो जस्तापाता नियमानुसार लिलाम बिक्री गर्ने ।

**६. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको केन्द्र, ऐसेलुखर्कसँग वडा कार्यालयहरु जोड्ने मुख्य सडकहरु वर्षाका कारण बिग्रिएको र तत्काल मर्मत गर्नु पर्ने भएकोले प्राविधिक लागत इष्टामेट तथा मूल्याङ्कन बमोजिम तपसिल बमोजिमका सडकहरु मर्मत गरी मर्मत कोषबाट रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | ऐसेलुखर्क राई गाउँ सेती प्रा.वि. ग्यावियन बक्स फिलिङ | ३ | १,४७,५२०/- | प्राविधिक लागत प्रतिवेदन बमोजिम आवश्यक ग्यावियन बक्स गा.पा. ले उपलब्ध गराउने । |
| २. | ऐसेलुखर्क आहाले डाँडा सडक सोलिङ | ३ | ९८,०६३/- | |
| ३. | अल्छे आले सडक सोलिङ | ६ | २,००,०००/- | |
| ४. | माक्पा भदौरे सडक पहिरो सफाई | ७ | १७,०००/- | |
| ५. | भिरपानी सडक पहिरो सफाई (ढुङ्गा फुटाएको) | ७ | ३५,०००/- | |

२

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६. | ऐसेलुखर्क छुका सडक पहिरो सफाई | ३ | ३,०००/- | |
| ७. | ऐसेलुखर्क राईगाउँ सडक कुलो सफाई | ३ | २,०००/- | |

साथै लगातार वर्षाका कारण हिलाम्मे भएको सडकमा ग्रावेल बोक्नको लागि प्रयोग भएका तपसिल बमोजिमका ट्याक्टरभाडा गाउँपालिकाले निर्धारण गरेको प्रतिदिन भाडा दररेट अनुसार मर्मत कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | ट्याक्टर धनीको नाम, थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रविना स्टोर | ऐसेलुखर्क-३ | रु.६६,०००/- | |
| २. | चेत नारायण राजभण्डारी | ऐसेलुखर्क-३ | रु.२२,०००/- | |
| ३. | मिनेश राजभण्डारी | ऐसेलुखर्क-३ | रु.११,०००/- | |
| ४. | युवराज राई | ऐसेलुखर्क-५ | रु.५,५००/- | |

**७. वैकल्पिक रुपमा स्थानीय पाठ्यक्रमलाई परीक्षणको रुपमा पठनपाठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा.को तपसिल बमोजिमका विद्यालयहरुको तपसिल बमोजिमका कक्षाहरुमा १०० पूर्णाङ्कको स्थानीय एक विषयको पाठ्यक्रम (दुमी भाषा) लाई वैकल्पिक रुपमा शैक्षिक सत्र २०८० देखि परीक्षणको लागि पठनपाठन गर्ने/गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | विद्यालयको नाम र ठेगाना | कक्षा |
|---|---|---|
| १. | श्री माक्पा मा.वि. माक्पा- ऐसेलुखर्क-७ | १ |
| २. | श्री जालपा प्रा.वि. बेप्ला- ऐसेलुखर्क-७ | १ |
| ३. | श्री जनचेतना प्रा.वि. नोरुङ- ऐसेलुखर्क-७ | १ |

**८. विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३, ऐसेलुखर्क स्थायी ठेगाना भएका बखत तामाङको मिति २०८० असार २९ गते गोठमा आगोलागी भइ ६ वटा खसी, बोका, बाखा क्षती भएको भनि निवेदन प्राप्त भएकोले निज निवेदकलाई ऐसेलुखर्क गाउँपालिका विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को २१ (ख) बमोजिम रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) विपद कोषबाट राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

९. गा.पा. अनुदान शिक्षक सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७९ चैत्र २३ गतेको ऐसेलुखर्क गाउँ शिक्षा समितिको निर्णय नं. ४ बमोजिम श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३ र श्री मयूर आ.वि., ऐसेलुखर्क-५ लाई प्रति विद्यार्थी थप एक-एक जना बाल विकास शिक्षक नियुक्ति गर्नको लागि प्रति विद्यालय मासिक रु.१५,०००/- हजारका दरले चाडपर्व र पोषाक भत्ता समेत अनुदान उपलब्ध गराउनको लागि कार्यपालिकामा पेश भएको, मिति २०७९ चैत्र २६ गतेको कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णय नं. ७ ले अनुमोदन गरेकोमा आ.व. २०८०/०८१ देखि श्री त्रिभुवन मा.वि.- ऐसेलुखर्क-३ को उक्त कोटा यथावत राखी श्री मयूर आ.वि.-ऐसेलुखर्क-५ को बाल विकास शिक्षक कोटालाई सोही तलब भत्ता उपलब्ध हुने गरी गाउँपालिका अनुदान शिक्षक नियुक्ति गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

१०. शिक्षकहरुको दरबन्दी मिलान तथा कामकाजमा खटाउने सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा ऐसेलुखर्क गाउँ शिक्षा समितिको मिति २०७९ फागुन १४ गतेको प्रस्ताव तथा निर्णय नं. ४ मा निर्माण गरिएको शिक्षक दरबन्दी मिलान मापदण्ड समेतलाई आँधार मानी ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको, विद्यार्थी संख्या र शिक्षकहरुको अनुपातमा दरबन्दी मिलान गर्दा तपशिलका शिक्षकहरुलाई अर्को व्यवस्था नभएसम्मको लागि खटिएकै विद्यालयबाट तलब भत्ता पाउने गरी तपशिल बमोजिम कामकाजमा खटाउने सर्वसम्वत निर्णय गरियो ।

| क्र.स. | शिक्षकको नाम,थर | हाल कार्यरत विद्यालय | कामकाजमा खटाईएको विद्यालय | दरबन्दीको प्रकार |
|---|---|---|---|---|
| १ | तुलसी राम कार्की (प्रा.शि.तृ) | श्री वैकल्पीक प्रा.वि ऐसेलुखर्क गा.पा-१, राखा | श्री कालिका वाल विकासमा.वि ऐसेलुखर्क गा.पा-१, राखा | प्रा.वि दरबन्दी |
| २ | शुक्र बहादुर राई (प्रा.शि.द्धि) | श्री रावाथुम प्रा.वि ऐसेलुखर्क गा.पा-१, राखा | श्री कालिका वाल विकास मा.वि ऐसेलुखर्क गा.पा-१, राखा | प्रा.वि दरबन्दी |
| २ | केदार दाहाल (प्रा.शि.तृ) | श्री जनकल्याण प्रा.वि ऐसेलुखर्क गा.पा-३, ओयाङ्ग | श्री त्रिभुवन मा.वि ऐसेलुखर्क गा.पा-३, ऐसेलुखर्क | प्रा.वि दरबन्दी |
| ३ | राम प्रसाद घिमिरे (प्रा.शि.द्धि) | श्री जनकल्याण प्रा.वि ऐसेलुखर्क गा.पा-३, ओयाङ्ग | श्री वालचेतना प्रा.वि ऐसेलुखर्क गा.पा-३, भोक्टेनी | प्रा.वि दरबन्दी |
| ४ | राज मण्डल | श्री धनकन्या प्रा.वि | श्री बौद्धआ.वि ऐसेलुखर्क | प्रा.वि दरबन्दी |

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

गिरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | (प्रा.शि.तृ) | ऐसेलुखर्क गा.पा-१, राखा | गा.पा-२, झाँक्रिवास | |
| ५ | छलीमाया कार्की (थापा)(प्रा.शि.राहत) | श्री रमना प्रा.वि ऐसेलुखर्क गा.पा-२, हुमे | श्री कालिका प्रा.वि ऐसेलुखर्क गा.पा-२, पारा | प्रा.वि राहत |
| ६ | मिन प्रसाद दाहाल (प्रा.शि.तृ) | श्री कालिका प्रा.वि ऐसेलुखर्क गा.पा-२, पारा | श्री मयुर आ.वि ऐसेलुखर्क गा.पा-५, महेश्वरी | प्रा.वि दरबन्दी |

साथै ऐसेलुखर्क गाउँकार्यपालिकाको मिति २०७६/०५/१५ गतेको निर्णयानुसार श्री सेती प्रा.वि ऐसेलुखर्क-३ को प्रा.वि दरबन्दीलाई पालिकाको पुलमा राखिई त्रिभुवन मा.वि. काजमा श्री ठाकुर प्रसाद रेग्मीलाई खटाईएकोमा उक्त दरबन्दीलाई श्री त्रिभुवन मा.वि.मा नै कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

गिरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष